# आफ्ना अधिकारहरूका बारेमा जान्नुहोस्:
# पब्लिक चार्जका बारेमा 5 वटा मुख्य तथ्यहरू

**मार्च 2021**

**तथ्यहरू थाहा पाउनुहोस्, योजना बनाउनुहोस् र साथीलाई बताउनुहोस्।** केही मानिसहरू आफ्नो आप्रवासन स्थितिको कारणले गर्दा आफ्नो परिवारका योग्य सदस्यहरू, जस्तै कि बच्चाहरू, का लागि सार्वजनिक सुविधाहरूका निम्ति आवेदन दिने कुरामा चिन्तित हुने गर्छन्। तपाईं जुनसुकै देशमा जन्मिएको भएतापनि तपाईंसँग यस देशमा अधिकारहरू हुन्छ। हामी तपाईंलाई आफ्नो अवस्थाका बारेमा थप जान्न प्रोत्साहित गर्छौं:

**पब्लिक चार्ज (Public charge) (सार्वजनिक जिम्मेवारी)** आप्रवासन कानुनमा रहेको शब्दावली हो जसले भरणपोषण खर्चका लागि मुख्य रूपमा सरकारमाथि निर्भर रहने व्यक्तिलाई वर्णन गर्छ। अध्यागमन अधिकारीहरूले व्यक्तिको आय, उमेर, परिवारको आकार, स्वास्थ्य, शिक्षा, रोजगारी र भरणपोषण खर्चको शपथपत्र (प्रायोजकसँगको करार) का आधारमा व्यक्तिको पब्लिक चार्ज बन्ने सम्भावना छ कि छैन भनेर निर्धारण गर्नका लागि भिसा र ग्रिन कार्डहरूका लागि आवेदनहरूको समीक्षा गर्छन्।

## 1

**पब्लिक चार्ज सबैमा लागू हुँदैन।** शरणार्थी तथा असाइलीहरूका साथै बेचबिखन, घरेलु हिंसा तथा अन्य गम्भीर अपराधहरूबाट बचेर आएका अधिकांश पीडित व्यक्तिहरू र अन्य धेरै "मानवीय" आप्रवासीहरू प्रभावित हुँदैनन्। वैध स्थायी बासिन्दाहरू (वा "ग्रिन कार्ड" भएका मानिसहरू) 180 दिनभन्दा बढी समय संयुक्त राज्य अमेरिका छोडेर गएर पुन: प्रवेश गर्न नखोज्दासम्म उनीहरूले पब्लिक चार्ज परीक्षणको सामना गर्नुपर्दैन।

## 2

**अधिकांश सार्वजनिक सुविधाहरूले व्यक्तिको आप्रवासनको स्थितिलाई प्रभावित गर्दैनन्।**
पब्लिक चार्ज निर्णयमा निम्न सुविधाहरूमाथि विचार गरिँदैन।

- SNAP, WIC, स्कुल भोजनहरू, सेक्सन 8 तथा सार्वजनिक आवास लगायतका पोषण र आवास सहयोग कार्यक्रमहरू;
- गृह उर्जा सहयोग वा बाल स्याहार जस्ता निश्चित उद्देश्यका लागि नगद भुक्तानीहरू;
- COVID-19 परीक्षण, उपचार, खोपहरू, आर्थिक प्रभाव भुक्तानी चेकहरू (स्टिमुलस चेकहरू), एक पटकका लागि वित्तीय सहयोग जस्ता महामारी र COVID-19 लगायतका आपतकालीन विपदमा राहत र P-EBT जस्ता खाद्यान्न कार्यक्रमहरू;
- फुड बैंक र सेल्टरहरू जस्ता समुदायमा आधारित सेवाहरू;
- यदि मेडिकेड (Medicaid) वा अन्य स्वास्थ्य सेवा कार्यक्रमहरूले नर्सिङ होम जस्तो दीर्घकालीन स्याहारका लागि भुक्तानी गर्दै भएमा मात्र तिनीहरूमाथि विचार गरिन्छ;
- सामाजिक सुरक्षा, निवृत्तिभरण, भूपू सैनिकका सुविधाहरू जस्ता "आर्जित" सुविधाहरू।

PROTECTING IMMIGRANT FAMILIES

**थप स्रोतसाधनहरूका लागि**
WWW.PROTECTINGIMMIGRANTFAMILIES.ORG **मा जानुहोस्।**
**नि:शुल्क व्यक्तिकृत स्क्रिनिङ प्राप्त गर्नुहोस्।**
WWW.KEEPYOURBENEFITS.ORG **मा जानुहोस्।**

3

## पब्लिक चार्जमा परीक्षणमा केही सुविधाहरूमाथि मात्र विचार गरिन्छ।

यी सुविधाहरूमा निम्न पर्दछन्:

- SSI वा TANF जस्ता चालु जीवनयापन खर्चहरूका लागि भुक्तानी गर्ने उद्देश्य राखिएको नगद सहयोग; र
- मेडिकेड वा अर्को सरकारी कार्यक्रमद्वारा भुक्तानी गरिने दीर्घकालीन संस्थागत स्याहार।

यदि तपाईंले यी निश्चित कार्यक्रमहरूलाई विगतमा प्रयोग गर्नुभएको थियो भने तपाईंसँग अझैं पनि तपाईं पब्लिक चार्ज नबन्ने सम्भावना छ भने देखाउने मौका हुन्छ। अध्यागमन अधिकारीहरूले तपाईंको ग्रिन कार्ड वा भिसा आवेदनको समीक्षा गर्दा तपाईंका सबै परिस्थितिहरूमा अनिवार्य रूपमा ध्यान दिनुपर्छ। यसमा उमेर, स्वास्थ्य, आय, सम्पत्तिहरू, स्रोतसाधनहरू, शिक्षा/सीपहरू, तपाईंले हेर्नैपर्ने परिवार र तपाईंलाई हेर्नुहुने परिवार पर्दछन्।

4

**परिवारका सदस्यहरूद्वारा प्रयोग गरिने गैर-नगद सुविधाहरूले तपाईंको आप्रवासनको स्थितिलाई प्रभावित गर्दैनन्।** बच्चाहरू लगायत परिवारका सदस्यहरूले आफूलाई उन्नति गर्नमा मद्दत गर्ने सार्वजनिक सुविधाहरूका लागि आवेदन दिन सक्छन्। यसमा एउटा अपवाद छ - यदि तपाईं तपाईंको परिवारले प्राप्त गर्ने SSI वा TANF जस्ता नगद सहयोगमा निर्भर रहनुहुन्छ भने यसलाई तपाईंको भरणपोषण खर्चको एकमात्र स्रोतको रहेको भनेर मान्न सकिनेछ।

5

**तपाईंको व्यक्तिगत जानकारी संरक्षित गरिन्छ।** सङ्घीय र राज्यका कानुनहरूले सामान्यतया सार्वजनिक सुविधाहरूका लागि आवेदन दिने वा ती सुविधाहरू प्राप्त गर्ने मानिसहरूको गोपनीयताको संरक्षण गर्छ। सार्वजनिक कार्यक्रमहरूका लागि आवेदनहरूले आफ्नो लागि सुविधाहरू प्राप्त गर्न आवेदन दिएका मानिसहरूको आप्रवासनको स्थितिका बारेमा जानकारी सोध्नुहुँदैन। सुविधासम्बन्धी एजेन्सीहरूले सीमित अपवादहरूका साथ आफ्ना कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यहरूका लागि अन्य सरकारी एजेन्सीहरूसँग मात्र जानकारी साझा गर्न सक्नेछन्। तपाईंले आवेदनमा आवश्यक पर्ने मात्र जानकारी उपलब्ध गराउनुपर्छ।

## तथ्यहरू थाहा पाउनुहोस्, योजना बनाउनुहोस्। जानकारी शक्ति हो!

यस नियमको अर्थ तपाईंका लागि के हुन्छ भन्ने बारेमा थप जान्नुहोस्। यदि तपाईं आफ्नो ग्रिन कार्डका लागि छिट्टै आवेदन दिनुहुनेछ भने यी परिवर्तनहरूले तपाईं वा तपाईंको परिवारलाई कसरी प्रभावित गर्न सक्नेछ भनेर निर्धारण गर्नका लागि आफ्नो वकिलसँग बुझ्नुहोस्। यदि तपाईंलाई नि:शुल्क वा कम खर्च लाग्ने कानुनी सहयोग आवश्यक पर्छ भने https://www.immigrationadvocates.org/legaldirectory/ मा गएर आफू नजिकका सेवाहरू पत्ता लगाउनुहोस्।

JUST HARVEST EST. 1986